बैठक संख्या : ७९
मिति :- २०७७/०६/२४ गते (शनिवार)
समय :- दिनको १ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री बिशकसंन ढकाल | सदस्य- सचिव |

श्री शंकरराज लुइटेल

**निर्णय नं. १** :- कमलामाई नगरपालिका वडा नं. ६ मा नगर विकास कोषको ऋण सहयोगमा निर्माण हुने अत्याधुनिक सभाहलको निर्माणको क्रममा वातावरणमा पर्न सक्ने असरको अध्ययन गरी पिक पोइन्ट ईन्जिनियरिङ् कन्सल्टेन्सी, काठमाण्डौंले पेश गरेको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने र उक्त सभाहल निर्माण कार्य बोलपत्रको माध्यमबाट कार्यान्वयनको लागी आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं. २** :- चालु आर्थिक वर्षको संघीय सरकार सशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम अनुसार कमलामाई नगरपालिका वडा नं. ४, हिरापानी-५ चुवावोटे सडक ( चक्रपथ) को ग्वाङ्खोलामा पक्की पुल निर्माण कार्यको लागी प्राप्त विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गर्ने ।

**निर्णय नं. ३** :- वर्षाद कारणले विग्रन गई यातयात संचालनमा कठिनाई भएका कमालामाई नगरपालिका क्षेत्र भित्र रहेका सडकहरुलाई मर्मत गरि पुनः संचालन गर्न आवश्यक माग अनुसार नगर प्रमुख लाई दिएको अधिकार को वजेटको परिधि भित्र रहि पुजिगत तर्फको मर्मत सम्भार र साना पूर्वाधार कार्यक्रमवाट संचानल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :- कमलामाई नगरपालिका का केहि पदाधिकारी एंवम कर्मचारीहरु लाई कोराना भाईरस सक्रमण देखिन गएको हुँदा यस कार्यालय र मातहातका कार्यालय शाखाहरु वाट सम्पदान गरिने सेवाहरु मध्ये आति आवश्यक सेवा (दमकल, फोहरको गाडि, नगर प्रहरी स्वास्थ्य सेवा ) वाहेक दैनिक संचालन हुने सेवाहरु यहि मिति २०७७ असोज २५ गते देखि कात्तिक ३ गते सम्म वन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** :- कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने ।

**निर्णय नं. ६** :- ऐलानी जग्गा अभिलेखीकरण कार्यका लागि आर्थिक वर्ष ०७७।०७८ मा नगरपालिका वाट विनियोजित भएको रु २१०००००।- (एकाईस लाख) वाट हाल वडानं. ८, ९, १०, १३ र १४ मा जग्गा अभिलेखिकरण कार्य भैरहेको सर्न्दभमा उक्त कार्यका लागि विनियोजन भएको वजेटको परिधि भित्र रही प्रति

कट्ठा रु.२६४।- (सम्पूर्ण कर सहित) का दरले जग्गा अभिलेखीकरणमा खर्च गर्न सिमा निर्धारण गर्ने र अभिलेखीकरण गर्ने कार्यमा प्रति क कट्ठा रु.५००।- का दरले राजश्व संकलन गर्ने ।

यस ऐलानी जग्गा अभिलेखीकरण कार्यक्रम कार्यान्वय को सन्दर्भमा प्रचलित आर्थिक ऐन, नियम , सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको प्रावधान अनुसार राजश्व संकलन गर्ने, सेवा प्रदायक संस्था संग प्रस्ताव माग गर्ने, छनौट गर्ने, सेवा प्रदायकसंग सम्झौता गर्ने ,सेवा प्रदायक संस्थाको कामको अनुगमन गर्ने आम्दानी र खर्चको विवरण नगरकार्यपालिका कार्यालयमा पेश गर्ने, नगरपालिका कार्यालयवाट खटिएको प्राविधिक संग समन्वय गर्ने, प्राविधि प्रतिवेदन तयार गर्न सहयोग गर्ने कुराहरुका लागि ऐलानी जग्गा अभिलेखीकरण ईकाई लाई सम्पूर्ण अधिकार र जिम्मेवारी दिने र जग्गा अभिलेखिकरण कार्यमा भएको खर्चको भुक्तानीका लागि ईकाईको सिफारिस, प्राविधिक प्रतिवेदन सहित नगरकार्यपालिका कार्यालयमा पेश भए पछि नगरकार्यपालिकाको कार्यालयले भुक्तानी  दिने निर्णय गरियो ।

**निर्णय नं. ६** :- कमलामाई नगरपालिका क्षेत्र भित्रवाट निकासी हुने ढुङ्गा, वालुवा, गिट्टिको निकासी कर प्रदेश सरकारले निर्धारण गरेको दर रेट अनुसार (प्राविधिक वाट प्रमाणित घन मिटर) वमोजिम सम्बन्धीत वडार नगर प्रहरी वाट ठेक्का नलाग्दा सम्म निकासी कर उठाउने, उठेको रकमको १५% ले हुने रकम सम्वन्धीत व्यक्ति लाई उपलब्ध गराउने र वाहिरवाट आउने ढुङ्गा, गिट्टि र वालुवाको हकमा सम्बन्धीत स्थानीय तहले निकासी कर लिएको भए यस नगरपालिकाले नलिने र सम्बन्धीत स्थानीय तहले नलिएको भएमा प्रदेश सरकारले निर्धारण गरे वमोजिमको दररेट वमोजिम निकासी कर लिने ।

**निर्णय नं. ७** :- कमलामाई नगरपालिकाका केहि पदाधिकारी एंवम कर्मचारीहरुलाई लगायत नगरवासीहरुमा कोराना सक्रमण भएको हुदाँ उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

**निर्णय नं. ८** :- महान चाड विजया दशमी तथा शुभ दिपवाली,२०७७ को पावन अवसरमा सम्पूर्ण नगर वासीहरुमा कमलामाई नगर कार्यपालिकावाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।